## ljifox? M

१. राष्ट्रपति कप खेलकुद प्रतियोगिता सम्बन्धमा ।

२. समिति निर्णय अनुमोदन सम्बन्धमा ।

३. विविध ।

## lg0f{ox? :-

१. यस नगरपालिकाको आयोजनामा २०८१ फागुन ६, ७ र ८ गते राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरियो ।

२. समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क. युवा तथा खेलकुद समिति**

मिति २०८१।११।१ गतेको युवा तथा खेलकुद समितिको निम्न निर्णय अनुमोदन गर्ने निर्णय गरियो :

१. प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेश, हेटौंडाको पत्रानुसार भक्तपुर नगरपालिबाट २०८१ फागुन ६, ७ र ८ गते राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद (भलिबल, कबड्डी, एथ्लेटिक्स, उसु, तेक्वाण्डो र कराँते) प्रतियोगिता आयोजना गर्न रु.३,५०,०००।– (अक्षेरुपी रु.तीन लाख पचास हजार रुपैया) अनुमानित खर्च विवरण पेश गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ फागुन ६, ७ र ८ गते राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिताको लागि आवश्यक खर्च व्यवस्था गर्न यस समितिका सदस्य श्री ज्ञानबहादुर मानन्धरलाई रु.३,५०,०००।– (अक्षेरुपी रु.तीन लाख पचास हजार रुपैयाँ) पेश्की लिन लगाउने निर्णय गरियो ।

**ख. शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

मिति २०८१।१०।२८ गतेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निम्न निर्णय अनुमोदन गर्ने निर्णय गरियो :

१. भक्तपुर नगरपालिकाद्वारा चिनीयाँ भाषा तथा जापानिज भाषा सम्बन्धी तालिम सञ्चालन देहाय बमोजिमको Level समयावधि तथा प्रशिक्षकको पारिश्रमिक निर्धारण गरी सञ्चालन गर्ने निर्णय गरियो :

तपसिल

| क्र.सं | तालिम | Level | समयावधि | पारिश्रमिक प्रशिक्षकको (१.५ hr/day) |
|---|---|---|---|---|
| १ | जापानिज भाषा | $i_{st}$ & $2^{nd}$ | चार/चार महिना | ७५० प्रति दिन ($N_3$) |

